# मिति २०७५।४।२३ मा बसेको प्रदेश मन्त्रिपरिषदको बठकको निर्णय

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/२२/२०७५-०४-२२ को प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५ को मस्यौदा तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/२३/२०७५-०४-२३ को ९-२२ अगस्त, २०१८ सम्म चीनमा हुने Seminar on Government Planning of Central and Local Areas for Nepal विषयक सेमिनारमा सहभागी हुन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का सचिव श्री विष्णुराज ढकाललाई गरिएको मनोनयन अनुमोदन गर्ने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/२४/२०७५-०४-२३ को १६-२२ नोभेम्वर, २०१८ मा चीनमा हुने Seminar on Capability of Governance for Ministerial Officials of Nepal विषयक सेमिनारमा सहभागीताका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून तथा संवैधानिक मामिला महाशाखाका सचिव श्री धर्मराज कुईकेललाई मनोनयन गर्ने विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

४. सामाजिक विकास मन्त्रालयको नं ०७/०७/२०७५-०४-२२ को प्रादेशिक सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

५. सामाजिक विकास मन्त्रालयको नं ०७/०८/२०७५-०४-२२ को मणिपाल शिक्षण अस्पताल, पोखरामा भएका विवादहरुको दीगो व्यवस्थापनका लागि अध्ययन गर्न उच्चस्तरीय समिति गठन गर्ने विषयको प्रस्ताव - "एक महिनाको अवधि भित्र कार्य सम्पन्न गर्ने गरी प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

६. सामाजिक विकास मन्त्रालयको नं ०७/०९/२०७५-०४-२३ को पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत सञ्चालित पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई प्रदेश सरकार मातहत ल्याई सञ्चालन गर्न नेपाल सरकारसँग अनुरोध गर्ने विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

७. मिति २०७५ साल जेष्ठ र असार महिनामा परेको अविरल बर्षादका कारण बागलुङ जिल्लाको जैमिनी नगरपालिका र बरेङ गाउँपालिकामा भएको भौतिक क्षतिको सम्बन्धमा माननीय भौतिक पूर्वाधार विकास मन्त्रीबाट पेश हुन आएको प्रतिवेदनमा उल्लेखित क्षतिग्रस्त खानेपानीका संरचनाहरु नियमानुसार मर्मत, सुधार तथा पुनःनिर्माण गर्न रु. ५,००,०००।– (अक्षरुपी पाँच लाख मात्र) आर्थिक मामिला तथा योजना मन्त्रालयले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निकासा दिने ।